जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ११ • अंक १९३ • २०८१ वैशाख २२ गते शनिवार • 4 May. 2024 • पृष्ठ ४ • मुल्य रु.५/-

## मटिहानीका आगलागी पीडितलाई राहत प्रदान गर्न मांग

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ बैशाख



विभिन्न राजनीतिक दलले महोत्तरीस्थित मटिहानीका आगलागी पीडितलाई राहत प्रदान गर्न मांग गरेका छन् । शुक्रबार कांग्रेस तथा तराई मधेश लोकतान्त्रिक पार्टीका नेताहरूले मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवसँग सो माग गरेका हुन् ।

तमलोपाका अध्यक्ष वृषेशचन्द्र लालले आगलागीबाट पूर्णत: जलेको मटिहानीको जरलहवा टोलका पीडितका लागि प्रदेश सरकारसँग विशेष राहतको माग गरिएको जानकारी दिए । आगलागी भएको लामो समय बित्दा पनि त्यहाँ हालसम्म बसोबासको कुनै व्यवस्था नभएको अध्यक्ष लालले बताए ।

वैशाख १२ गते भएको आगलागीबाट १५० घर जलेर पूर्ण रूपमा नष्ट भएका छन् । मुख्यमन्त्री यादवसँगको भेटमा नेताहरूले एकद्वार प्रणालीको नाममा अरूलाई राहत वितरण गर्न सरकारले अवरोध खडा गरिरहेको भन्दै दुखेसो पोखेका थिए । उनीहरुले स्थानीय प्रशासन, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारबाट राजनीतिक क्रेडिटका लागि यस्तो नगर्न मुख्यमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

मुख्यमन्त्री यादवलाई भेट्न गएका नेताहरूले राजनीतिक समर्थनको आधारमा सहयोग वितरण गर्न नहुने र जनताको पैसाबाट गरिने सरकारी सहयोगमा व्यक्ति वा नेताको हालीमुहाली चल्न नहुने धारणा राखेका थिए । अग्नि पीडितका लागि मधेश सरकारले हालसम्म कुनै विशेष राहतको घोषणा नगरेकोमा रोष प्रकट गर्दै उनीहरुले पीडितलाई यथाशीघ्र राहत प्रदान गर्न आग्रह गरे । मधेश प्रदेशमा भूमिगत जलको सतह स्वाट्टै झरेर दैनिक उपयोग र खानेपानीको अभाव भएको समस्याप्रति समेत मुख्यमन्त्रीलाई ध्यानाकर्षण गराइएको अध्यक्ष लालले बताए ।

यस क्षेत्रमा देखिएको खानेपानीको समस्यालाई तत्काल समाधान गर्नका लागि ध्यानाकर्षण गराउँदै उनीहरुले भूमिगत जलको रिचार्जिङको निमित्त अल्पकालीन र दीर्घकालीन परियोजना सञ्चालन गर्न आग्रह गरेका छन् । पछिल्लो समय मधेश प्रदेशमा हत्या र दुर्घटनाका घटनाहरू समेत बढ्दै गएकोमा चिन्ता प्रकट गर्दै नेताहरूले यसलाई तत्काल नियन्त्रण गर्न मुख्यमन्त्री यादवसँग आग्रह गरेका छन् ।

## मधेश सरकारको संस्कृति मन्त्रालय बजेट विहीन


जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ बैशाख



मधेश सरकारको संस्कृति मन्त्रालय बजेट विहीन रहेको छ । शिक्षा तथा संस्कृति मन्त्रालयको संस्कृति तर्फ एक पैसा बजेट नरहेको मन्त्रालयका कार्यकारी सचिव महेन्द्र महतोले बताए ।

बजेट नहुँदा संस्कृति मन्त्रालय तर्फको कुनै काम अघि बढ्न सकेको छैन । 'संस्कृति तर्फ बजेट नै छैन । त्यसैले त्यस तर्फको कुनै काम हुन सकेको छैन' कार्यकारी सचिव महतोले भने 'शिक्षा मन्त्रालय तर्फ मात्र काम भइरहेको छ ।' उनले अब आगामी आर्थिक वर्षमा संस्कृति मन्त्रालय तर्फ बजेट विनियोजन हुने बताए । गत असोज तेस्रो साता मुख्यमन्त्री सरोजकुमार यादवले शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर शिक्षा तथा संस्कृति मन्त्रालय र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाएका थिए । तत्कालीन जनमतका महेश प्रसाद यादवले सम्हालेका शिक्षा तथा समाजकल्याण मन्त्रालय फुटाएर तत्कालीन विनाविभागीय मन्त्री जसपाकी सुरिता साहलाई खेलकुद तथा समाज कल्याण मन्त्रीको जिम्मेवारी दिइएको थियो । शिक्षा तथा संस्कृति मन्त्रीको भने यादवलाई नै दिइयो ।


## जन्मकैदको सजाय पाएका मधेस प्रदेशका सांसद अभिराम शर्मा निलम्बित



जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ बैशाख

जन्मकैदको सजाय पाएका लोकतान्त्रिक समाजवादी पार्टीका मधेस प्रदेशका सांसद अभिराम शर्मा निलम्बित भएका छन् । मधेस प्रदेशसभा सचिवालयले सूचना जारी गर्दै लोसपाका संसदीय दलका नेतासमेत रहेका शर्माको निलम्बनमा परेको जनाएको छ । उनी निलम्बित भएसँगै मधेस प्रदेशसभामा १०६ जना प्रदेशसभा सदस्य कायम भएका छन् । गत मंसिर २८ गते लोसपाका मधेस प्रदेश संसदीय दलका नेता शर्मासहित ७ जनालाई जिल्ला अदालत महोत्तरीले जन्म कैदको सजाय सुनाएको थियो ।

सशस्त्र प्रहरीका असई थमन विकको हत्यामा संग्लन रहेको भन्दै अदालतले उनलाई जन्मकैदको सजाय सुनाएको हो । सो घटनामा प्रत्यक्ष संग्लन रहेको शर्मासहित प्रदीप साह, सञ्जयकुमार साह, मोहन ठाकुर, धर्मेन्द्र राय, शंकर शाही भनिने राम शंकर शाही र सुरेश पाण्डेलाई जन्म कैदको सजाय सुनाइएको छ ।







# डढेलोबाट जंगलका स्रोत जोगाउनै मुस्किल भयो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ बैशाख



डढेलोविद् सुन्दर शर्मा यही साता मङ्गोलिया भ्रमणमा जाने अन्तिम तयारीमा हुनुहन्थ्यो । तर मुलुकका विभिन्न स्थानका जंगल डढेलोले जलिरहँदा उनलाई भ्रमणमा निस्कन मन लागेन । विदेश जान मरिहत्ते गर्नेहरु धैरै छन् यहाँ तर उनको डढेलो बढेसँगै मन पनि अत्तालिरहेको छ । डढेलोको विषयमा बुझ्न सञ्चारकर्मीको फोनको घण्टीले उनलाई एकैछिन फुर्सदै हुँदैन ।

"विभिन्न स्थानका लागिरहेको वन डढेलोले देश नै जलिरहेको छ, म कसरी विदेश जान सक्छु र ?" उनी भन्छन्, "आजभोलि त निन्द्रा नै राम्रोसँग लाग्दैन । कतै डढेलेले ज्यानै लिएको छ त कतै, चराचुरीङ्गी र वन्यजन्तु डढेलोसँगै तितरबितर छन् त कतै जंगलका काठ चलेर राज्यको अथाह सम्पत्ति खरानी भइरहेको छ ।" उनका अनुसार देशभर वन डढेलोको अवस्था झनझन विकराल बन्दै गइरहेको छ । बिहीबार मात्रै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार आज ५३ जिल्लाका चार सय ३६ स्थानमा वन डढेलो लागेको छ । जंगलमा लागिरहेको आगोले कतिबेला कुन बस्ती जलेर खरानी हुने हो भन्ने चिन्ताले उनलाई सताएको छ । प्राधिकरणमा डढेलो विज्ञको रुपमा काम गरिरहनुभएको उनलाई डढेलोको समयमा कसरी डढेलो व्यवस्थापन कार्य र क्षति न्यूनीकरणमा लागि परेका छन् । नेपालमा सञ्चारकर्मीदेखि विभिन्न डिभिजन वन कार्यालय, वन उपभोक्ता समूहलगायतले उनीसँग नै डढेलोबारे जानकारी लिइरहन्छन् ।

गत मङ्गलबार बिहान ११:३० बजेतिर प्राधिकरणलाई ललितपुर गोदावरी नगरपालिका-६ आनन्द वनमा डढेलो फैलिएको भन्ने खबर आउँछ । डढेलोको कारण नजिकै रहेको कुष्ठरोग अस्पतालसमेत जोखिममा रहेको थाहा पाएपछि डढेलोविद् शर्मासहितको टोली आगो नियन्त्रणका लागि ललितपुर गएका थिए । "जंगलको आगोबाट अस्पताललाई कसरी सुरक्षित गरेर राज्यको सम्पत्ति जोगाउने भन्ने चिन्ता भयो", शर्माले भने, "लेलेतर्फको जंगलमा लागेको डढेलो फैलिँदै आनन्दवनसम्म आइपुगेको रहेछ । हामीले पोटेबल फाएर ड्रोन, पोटेबल फाएर पम्प, चारवटा दमकलको सहायताले बल्लतल्ल आगो निभायौँ ।" ललितपुरका विभिन्न स्थानमा लागेको डढेलो कतै नियन्त्रणमा आउन सक्यो कतै अझै बाँकी नै छ । डढेलोकै कारण गोदावरी नगरपालिका-४ बडीखेलस्थित तपेश्वरमा लागेको डढेलो निभाउने क्रममा शङ्कर पहारी र रमेश पहारीको मृत्युसमेत भइसकेको छ । शर्माका अनुसार नेपालमा साधारणतया वर्षमा २५ सयको हाराहारीमा डढेलाको घटनाहरु हुन्छन् । "८० प्रतिशत वन डढेलाको घटनाहरु फागुनको मध्यदेखि जेठको मध्यसम्म हुने गर्छन् । चैत र वैशाखमा मात्रै ६० प्रतिशत डडेलोको घटनाहरु हुने गर्छन", शर्माले भने । डिभिजन वन कार्यालय ललितपुर डिभिजन कार्यालयका वन अधिकृत थीरप्रसाद कोइरालालाई पनि अहिले देशका विभिन्न स्थानमा लागिरहेको डढेलोले चिन्तित बनाएको छ । डढेलोका कारण जंगलमा लागेको आगोले चराचुरुङ्गी र अन्य वन्यजन्तुहरु पनि जलेका छन् । उनीहरुको बासस्थानमै खलल पुगेको छ, काठ, दाउरा, जडीबुटी पनि डढेलोका कारण क्षति पुगेको उनको भनाइ छ ।

गत चैत १९ गते पनि रौतहट जिल्ला गैँडाटारको राष्ट्रिय वनमा डढेलो लागिरहेको छ, भन्ने खबर पाउना साथ डिभिजन वन अधिकृत शैलेन्द्र मिश्रको मन अतालिन थाल्यो । जंगलसँगै जंगल आसपासमा रहेका काठ दाउरा कसरी सुरक्षित गर्ने भनेर । वनमा लागिरहेको आगो नियन्त्रण गरेर काठ दाउरा जोगाउन सर्लाहीको हरिवन, बाराको निजगढ, गौर र चन्द्रपुर नगरपालिकाबाट चार वटा बारुणयन्त्र घटानास्थल गए । आगो नियन्त्रणको प्रयास रहँदारहँदै पनि घाटगद्धी गरिएको साल, कू-काठ, दाउरा जलेर खरानी भयो ।

यसैगरी चैतको दोस्रो साता मधेस प्रदेशस्थित वन तथा वातावरण मन्त्रालयका सचिव उद्धवबहादुर घिमिरेले महत्तरीस्थित गौसला नगरपालिका-११ को राष्ट्रिय वनमा आगो लागिरहेको र काठ जलिरहेको भन्ने खबर मन्त्रालय मातहतको डिभिजन वन कार्यालय महोत्तरीलाई पठाउछन् । त्यसपछि महोत्तरीका डिभिजन वन अधिकृत सन्तोष झासहितको टोली आगलागीका कारण जलिरहेको काठ बचाउन जंगलतिर लाग्छन् । आगो नियन्त्रणका लागि निरनतर २८ घण्टा खटिएको अनुभव अधिकृत झा सुनाउछन् । तर त्यति लामो सयमसम्मको प्रयास गर्दागर्दै पनि रु एक करोड ६० लाख मूल्य बराबरको काठ र दाउरा आँखै अगाडि जलेर खरानी भएको देख्दा उन निकै भावुक बने ।

## नेपालमा के गर्न पाइन्न...?

नेपालमा चायो भने अहिले नै ढुङ्गा मुडा गर्न पाइन्छ
तागत छ भने कसैको बङ्गारा पनि झार्न पाइन्छ

स्कुल छाडी कहिले काहीं त चुरोट गाँजा तान्न पाइन्छ
रिस उठेमा जसलाई सक्छ त्यसलाई हान्न पाइन्छ

अधि बढ्न खाज्नेको खुट्टा पनि तान्न पाइन्छ
जसलाई मुखमा जे आउँछ त्यो पनि त भन्न पाइन्छ

अर्काको घरको आँगनमा खाडल पनि खन्न पाइन्छ
धनीले त गरीबको घोडा पनि चढ्न पाइन्छ

सक्छौ भने यो देशमा मान्छे पनि मार्न पाइन्छ
दुई-चार पैसा सुँगाउ तिमी, कानुन पनि किन्न पाइन्छ

आजै भन्या कुरा पनि एक वर्ष नै सार्न पाइन्छ
नेता मात्र बन तिमी खल्ती कति भर्न पाइन्छ

नेतागिरी दादागिरी नेपालमै गर्न पाइन्छ
राम्रो काम गऱ्यो भने चाँडै नै मर्न पाइन्छ

आफ्नै देश लुटिँदा नि टुलुटुलु हेर्न पाइन्छ
आज एउटा भन्या कुरा भोली यहाँ फेर्न पाइन्छ

गरीबको रगत यहाँ धनीहरूले चुस्न पाइन्छ
सक्छौ भने मातृ भूमि रगतले मुस्न पाइन्छ


# सूचना




पिपरा गाउँपालिकाको कार्यालय, महोत्तरी


## तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: लामो यात्राको योग छ
मिथून: मनमा पछुतो आउने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: विचार गरेर बोल्नुहोला
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: पिछडेको साथी मिल्ने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: अनावश्यक चिन्ता
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पुजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दुबईमा पुनः भारी वर्षा, उडानहरू रद्द

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ बैशाख



संयुक्त अरब इमिरेट्स (युएई)ले असामान्य बाढीको सामना गरेको केही दिनपछि त्यहाँ फेरि भारी वर्षा भएको छ।

असामान्य मौसमका कारण धेरै उडानहरू रद्द गरिएको छ भने मानिस तथा विद्यार्थीलाई घरबाटै काम तथा अध्ययन गर्न आग्रह गरिएको खालिज टाइम्सले जनाएको छ। संयुक्त अरब इमिरेट्समा भारी वर्षा र आँधीबेहरीका कारण बिहीबार चेतावनी जारी गरिएको थियो। पछिल्लो केही दिनदेखि युएईले अस्थिर मौसमी लहरका लागि तयारी गरिरहेको छ। यसै क्रममा सबै क्षेत्रका मानिसलाई सुरक्षाका उपायहरू अपनाउन सल्लाह दिइएको छ। विद्यालयहरू दूर शिक्षामा छन् भने कम्पनीहरूलाई घरबाटै काम गर्न अनुमति दिन आग्रह गरिएको छ। पार्क तथा समुद्र तटहरू बन्द गरिएका छन्। खालिज टाइम्सका अनुसार दुबईले इमिरेटमा अस्थिर मौसमका कारण मे २ र ३ मा सरकारी कर्मचारीहरूका लागि घरबाट काम गर्ने घोषणा गरेको थियो। युएईको विपद् व्यवस्थापन प्राधिकरणले आगामी मौसमी अवस्थालाई सामना गर्न तयारी दोहोर्याएको छ। सम्बन्धित एजेन्सीहरू उपायहरू कार्यान्वयन गरेर पूर्वानुमानित मौसमको उतारचढाव सामना गर्न तयार रहेको उल्लेख गरिएको छ।

# यो वर्ष विवादित तरिकाले करको हेरफेर हुँदैन -अर्थमन्त्री पुन



जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ बैशाख

अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको बजेटमा करका दर हेरफेर गर्दा विवाद नआउने गरी काम गर्ने बताएका छन्। बजेट निर्माण सम्बन्धमा युवा उद्यमी तथा सूचना प्रविधि क्षेत्रका विज्ञसँग सुझाव लिन शुक्रबार मन्त्रालयमा आयोजित छलफल कार्यक्रममा मन्त्री पुनले करका दर हेरफेरमा कसैको दबाब वा स्वार्थपूर्ति हुने गरी काम नगर्ने प्रतिबद्धता जनाए। राजश्वका दरहरु हेरफेर गर्दा सरोकारवालाहरुसँग परामर्श गरी उनीहरुका सुझावका आधारमा निर्णयमा पुगिने उनको भनाइ थियो। 'करका दर घटाउने, बढाउने, विस्तार गर्ने वा छुट दिने जे गर्दा पनि विगतमा अर्थमन्त्री वा अर्थ मन्त्रालयलाई विवादमा पार्ने गरिएको छ', मन्त्री पुनले भने, 'मन्त्रीको व्यक्तिगत इच्छामा वा निकटताका अधारमा कसैलाई प्रोत्साहन गर्न र कसैलाई कमजोर बनाउन करका दरमा हेरफेर हुँदैन भन्ने हाम्रो प्रतिबद्धता हो।' उनले कुन वस्तुमा पहिला कति थियो र अहिले किन घटाइयो वा बढाइयो भन्ने तर्कपूर्ण कारण देखाएर करका देरमा हेरफेर गरिने स्पष्ट गरे।

आफूले सरकारवालाहरुको सहभागितामा बजेट बनाउन लागेको भन्दै मन्त्री पुनले यसअघि पूर्वअर्थमन्त्रीहरु, नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर, पूर्वअर्थसचिव, पूर्वधार, स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञसँग छलफल गरी सुझाव संकलन गरिसकेको उल्लेख गरे।

निजी क्षेत्रका छाता संस्था नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, चेम्बर अफ कमर्स र महिला उद्यमीसँग पनि छिट्टै छलफल गर्ने तय भएको जानकारी मन्त्री पुनले दिए।

# यशको टक्सिक २ भागमा आउने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ बैशाख



दक्षिण भारतीय सुपरस्टार यश यतिबेला आफ्नो आगामी फिल्म 'टक्सिक'का कारण चर्चामा छन्। फिल्मबारे लगातार नयाँ अपडेटहरू आइरहेका छन्। कहिले फिल्मको कथा त कहिले कलाकारको चर्चाले फ्यानहरुको उत्साह बढाइरहेको छ। यसैबीच सामाजिक सञ्जालमा फिल्मलाई लिएर नयाँ चर्चा चलिरहेको छ। गीतु मोहनदासको निर्देशनमा बन्न लागेको यशको 'टक्सिक' दुई भागमा आउने चर्चा इन्टरनेटमा छ।

फिल्मको कहानी गोवामा ड्रग माफिया वरिपरि घुमेको छ। तर यस विषयमा मेकरको टिमबाट कसैले केही भनेका छैनन्। न त गीतु र यशले नै फिल्मको शीर्षक र रिलिज मितिबारे कुनै आधिकारिक घोषणा गरेका छन्। फिल्ममा अन्य कलाकारबारे अड्कलबाजी जारी छ। चलचित्रको छायाङ्कन सुरु भएको हल्ला पनि चलिरहेको छ भने केहीले छायाङ्कन छिट्टै सुरु हुने बताइरहेका छन्। योजना अनुसार अगाडि बढ्यो भने आगामी ११ महिनामा फिल्म हलमा आउन सक्नेछ। टक्सिकको आधिकारिक घोषणा हुनुअघि यशले आफ्नो आगामी फिल्म ठुलो नभई विषयवस्तुको हिसाबले राम्रो हुने बताएका थिए। यसअघि फिल्ममा तीन अभिनेत्री जोडिएको खबर आएको थियो। करिना कपुर खान, कियारा आडवाणी र श्रुति हसन लगायतको नाम चर्चामा आएका थिए। फिल्ममा करिनाले यशकी बहिनीको भूमिका निभाएको बताइएको छ।

तर प्रडक्शन हाउसले अहिलेसम्म कसैको नाम पनि पुष्टि गरेको छैन। फिल्म निर्माताहरूले सामाजिक सञ्जालमा आधिकारिक बयान साझा गर्दै अनुमान र अड्कलबाजीहरूबाट टाढा रहन अनुरोध गरेका थिए। फिल्ममा कास्टिङ प्रक्रिया पूरा हुनै लागेको मेकरहरूले बताएका थिए। टक्शिक यशको १९ औं फिल्म हुनेछ।

# आईपीएलको लिग चरणपछि इङ्ल्यान्डका खेलाडी स्वदेश फर्कने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ बैशाख



इन्डियन प्रिमियर लिगको १७औं संस्करणमा कुल ७४ खेल खेलिने छ। त्यसमध्ये हालसम्म ५० खेल सकिएको छ। अब फाइनलसहित २४ खेल खेल्न बाँकी छ। आईपीएलको पहिलो क्वालिफायर खेल मे २१ तारिखमा खेलिने छ।

त्यसपछि मे २२ तारिखमा एलिमिनेटर खेल हुनेछ। दोस्रो क्वालिफायर खेल मे २४ तारिखमा हुनेछ। फाइनल खेल भने मे २६ तारिखमा खेलिने छ। तर, यसपटक प्ले-अफ चरणको खेलमा केही प्रभावशाली खेलाडी भने अनुपस्थित रहने छन्। इङ्ल्यान्डका आठजना प्रभावशाली खेलाडी प्ले-अफ चरणको खेलमा अनुपस्थित रहने छन्। इङ्ल्यान्त तथा वेल्स क्रिकेट बोर्डले आफ्ना खेलाडीले आईपीएलको प्ले-अफ चरणको खेल नखेल्ने जनाएको छ। इङ्ल्यान्डले आगामी आईसीसी टी-२० विश्वकप क्रिकेटका लागि टोलीको घोषणा गरिसकेको छ। विश्वकपअघि इङ्ल्यान्डले पाकिस्तानविरुद्ध चारवटा खेलको टी-२० शृंखला खेल्ने कार्यक्रम छ। पाकिस्तानविरुद्धको शृंखला मे २२ तारिखदेखि सुरु हुनेछ।

हाल आईपीएल खेलिरहेका इङ्ल्यान्डका प्रमुख खेलाडीहरु उक्त शृंखलामा सहभागी हुनेछन्। त्यसैले आईपीएलको प्ले-अफ चरणको खेलअघि नै इङ्ल्यान्डका आठजना खेलाडी स्वदेश फर्कने छन्। राजस्थान रोयल्स जारी सिजनको आईपीएलमा हालसम्म तालिकाको पहिलो स्थानमा छ। यो सिजन राजस्थानका लागि इङ्ल्यान्डका जस बट्लरले उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्। उनले नौ खेलमा तीन सय १९ रन बनाइसकेका छन्। यस क्रममा उनले दुई शतक पनि प्रहार गरेका छन्।

यसैगरी कोलकाता नाइट राइडर्स हाल आईपीएल तालिकाको दोस्रो स्थानमा आसिन छ। कोलकाताका लागि पनि इङ्ल्यान्डका खेलाडी फिल साल्टले उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्। उनले हालसम्म नौ खेलमा कुल तीन सय ९२ रन बनाइसकेका छन्। जस बट्लर र फिल साल्ट दुबै प्ले-अफ चरणको खेलमा अनुपस्थित रहने छन्।

# सूचना

## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्न पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्दछन्,
- जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।*

**लोहारपट्टी नगरपालिकाको कार्यालय, महोत्तरी**



**कामनी व्यूटी पार्लर**

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# सञ्चार संस्था र सञ्चारकर्मीलाई कसरी जोगाउने ?




-मुलुकको अर्थतन्त्र शिथिल अवस्थामा छ। अर्थतन्त्र पूर्ण रूपमा चलायमान हुन सकेको छैन। निजी क्षेत्र उत्साहित देखिएको छैन। देशका उद्योग कलकारखाना बन्द छन् कि त बन्द हुने अवस्थामा पुगेका छन्। निर्यात ठप्प छ। आयातमा मात्र निर्भर हुँदा ठुलो हिस्सामा व्यापार घाटा बेहोर्नुपरेको छ। यी विविध कारणले मुलुकमा आर्थिक गतिविधि शिथिल हुँदा त्यसको प्रत्यक्ष असर मिडिया क्षेत्रमा पनि परेको छ। अहिले साना तथा स्वरोजगारमूलक मिडिया र ठुला मिडियालाई टिक्नै धौ-धौ परेको छ। मिडिया सङ्कटमा परेसँगै त्यससँग जोडिएका श्रमजीवी पत्रकार समेत विस्थापित हुनुपर्ने अवस्था सिर्जना भएको छ। यस्तो विषम परिस्थितिमा समग्र साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यम र ठुला सञ्चारगृहलाई बचाउन राज्यले विशेष राहत प्याकेज ल्याउन जरुरी छ। यसो भए मिडिया हाउस सक्षम हुन सक्छन् र श्रमजीवी पत्रकारको पेसा समेत सुरक्षित हुन सक्छ। नेपाली सञ्चारमाध्यम र श्रमजीवी पत्रकारहरूको अवस्था कोरोना महामारीबाट धराशायी भएयता उक्सिन सकेको छैन। साना, मझौला तथा स्वरोजगार मिडिया उद्यमीहरूको अवस्था पहिले पनि त्यति राम्रो थिएन, कोभिडपछि झनै खराब हुन पुग्यो।

कोभिडअघि राम्रो अवस्थाका मानिएका ठुला मिडिया हाउसहरू समेत कोभिडपछि खस्कन पुगे। उनीहरुले श्रमजीवी पत्रकारहरूलाई निकाल्न थाले, त्यो क्रम अझै जारी छ। मिडियाको यस्तो अवस्थामा सहयोग पुऱ्याउनका लागि सरोकारवाला पक्षसँग नेपाल पत्रकार महासङ्घले पटक-पटक ध्यानाकृष्ट गरायो। ठुला लगानीका मिडियाले आफूहरुलाई उद्योगसरी मान्यता दिन भनेका थिए र छन्, तर अर्थतन्त्र नसुध्रिएका कारण उनीहरु निराश छन्। पत्रकारहरूको हकहित संरक्षण गर्ने सङ्घसंस्थाहरूले पत्रकारहरूलाई पेसामा टिकाउन गाह्रो भइरहेको बताइरहेका छन्। अहिले पत्रकारिता पेसा बनेको छ र व्यावसायिक पत्रकारिताको समय आएको छ। प्रजातन्त्र र गणतन्त्र आउनुअघि मिसन पत्रकारिता थियो। अहिले व्यावसायिक पत्रकारिता भनिएको छ। नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष किशोर नेपालले अहिले मिसन हराएको महसुस गर्छन्। साथै उनले मिसन नभए पत्रकारिताको अर्थ नहुने बताउँछन्। वरिष्ठ पत्रकार नेपालका अनुसार उहिले पञ्चायतविरुद्ध लड्नु, प्रजातन्त्रका लागि लड्नु, शान्तिका लागि लड्नु, पत्रकारहरूको मिसन थियो र हुने गर्दथ्यो। त्यतिबेला सेन्सरसिपको अवस्था थियो। महासङ्घका अर्का पूर्वअध्यक्ष विष्णु निष्ठुरी अहिले सेल्फ सेन्सरसिपको अवस्था रहेको बताउँछन्। अहिलेको अवस्थामा पत्रकारहरूको मिसन बन्न नसकेको हो कि जस्तो वरिष्ठहरूको भनाइ रहेको छ। अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अवस्था छ। पत्रकारहरूलाई अभिव्यक्ति स्वतन्त्रताको पूर्ण ग्यारेन्टी संविधानमा गरिएको छ, तर स्वतन्त्रताको दुरुपयोग भयो। सामाजिक सञ्जाल लगायत मिडियामा पत्रकार आचार संहिताको धज्जी उडाइएको भनी आलोचना भएको पाइन्छ। यसलाई टेकेर सरकारले अभिव्यक्ति स्वतन्त्रतालाई निषेध गर्ने गरी कानुन ल्याउन लागेको भनेर त्यसको विरोध गरिएको छ। मौजुदा सरकारमा सामेल सबैजसो राजनीतिक दलले अभिव्यक्ति स्वतन्त्रताको निषेध गर्न नहुने, गर्न नसकिने र नगरिने प्रतिबद्धता व्यक्त गरिरहेका भए पनि बेला-बेला निषेध गर्ने कानुन ल्याउने प्रयास भइरहेको महसुस गरिएको छ। अभिव्यक्ति स्वतन्त्रता स्वतन्त्र प्रेसको प्राण हो भने स्वतन्त्र प्रेस लोकतन्त्रको प्राण हो। अभिव्यक्ति स्वतन्त्रता रहेका बेला मानव अधिकारको रक्षा गर्ने विषय मुखर भएर अगाडि आउँछ। सत्ताधारी र सरकारी संयन्त्रलाई स्वतन्त्र प्रेसले सतर्क गराइरहेको हुन्छ र सतर्क गराउँछ।

यस्तो विषम परिस्थितिमा समग्र साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यम र ठुला सञ्चारगृहलाई बचाउन राज्यले विशेष राहत प्याकेज ल्याउन जरुरी छ। यसो भए मिडिया हाउस सक्षम हुन सक्छन् र श्रमजीवी पत्रकारको पेसा समेत सुरक्षित हुन सक्छ। पत्रकार र प्रेसलाई छाडा हुन नदिनका लागि आचारसंहिताको पालना गर्नुपर्ने हुन्छ। कतिपय सन्दर्भमा आचारसंहिताको पालना पत्रकारहरूका लागि कठिन र जटिल हुन गइरहेको हुन्छ, त्यसैले स्वनियमनको विषय मिडियामा रहेको छ। पत्रकारले आचारसंहिता उल्लङ्घन गरिरहँदा देश र समाज, मानव अधिकारको हित गरिएको छ कि छैन भनी ध्यान दिनुपर्ने हुन्छ। आचारसंहिता उल्लङ्घन हुँदा पत्रकार आफैँ जिम्मेवार हुनुपर्ने भएकाले स्वनियमनको विषय आफैँमा संवेदनशील विषय हो।

प्रस्तुत विषयहरूमा विचार गरिरहँदा मिसन र व्यावसायिकता दुवै आवश्यक हुन्छ। मिडिया व्यवसायीको व्यवसाय र पत्रकारहरूको पेसा दुवै सङ्कटमा छन्। सूचना विभागमा अपडेट गरिएकै डेटाका आधारमा भन्नुपर्दा करिब ८ हजार पत्रपत्रिका दर्ता छन्। अनलाइन नवीकरण गरिएकाहरूको संख्या डेढ हजारभन्दा बढी छ। टेलिभिजनको संख्या पौने दुई सयभन्दा बढी र एफएम रेडियो एक हजार जति छन्। सङ्कटमा मिडिया र पत्रकारहरूको स्थितिप्रति नेपाल प्रेस काउन्सिलले पनि आफ्नो प्रतिवेदनमा चिन्ता व्यक्त गरेको छ। भोकभोकै पत्रकार उपशीर्षकमा भनिएको छ, 'अहिले नेपाली प्रेसमा पत्रकारको रोजीरोटी महत्त्वपूर्ण सवाल बनिरहेको छ। स्थापित र ठुला भनिएका मिडियाले आर्थिक सङ्कटको कारण देखाउँदै मिडिया बन्द गर्ने, पत्रकार तथा कर्मचारी कटौती गर्ने, बेतलबी बिदामा राख्ने, समयमा तलब नदिने, कर्मचारी तथा पत्रकार कटौती गर्दा खाली हात पठाउनेजस्ता कार्य भइरहेको छ।

*सांभार: रातोपाटी ।*

पत्रिका/पेपर
कम्प्यूटराज गराउन सम्झनुहोस।





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

Inspiring aspirants for holistic development.
MCTC
मायुर्मा कोचिङ्ग एण्ड ट्रेनिङ्ग सेन्टर
ADMISSION OPEN !
Scholarship Scheme for Entrance Toppers
२०८१ वैशाख ०८ गते शनिबार हुन गईरहेको Entance Exam तयारी कक्षामा निम्न विद्यार्थीहरुलाई Scholarship को व्यवस्था गरिएको छ ।
Bridge Course, HA, Staff Nurse, Overseer, Pharmacy, Ranger, CMLT, CMA, ANM, AMIN, 8, 9, 10
Bridge Course
+2 Science
+2 Management
+2 Education
Entrance Preparation
H.A., Staff Nurse, LAB, Radiology, Dental, Science, Civil, Electrical, Computer, Pharmacy, Survey, Engineering etc.
Computer Class & Coaching
For 8, 9, 10
SEE & +2
लोकसेवा तयारी कक्षा
खरिदार, ना.सु, शिक्षक सेवा,
अध्यापन अनुमति-पत्र
सर्भे ईन्जिनियरिङ्ग, ओभरसियर
नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम
कार्यक्रम
१) फाराम विरतण :- २०८० चैत्र २४ गतेदेखि
२) प्रवेश-पत्र वितरण : २०८१ वैशाख ६ गतेदेखि
३) प्रवेश परीक्षा :- २०८१ वैशाख ८ गते शनिबार
४) नतिजा प्रकाशन :- २०८१ वैशाख ९ गते आइतबार
५) नामांकन :- २०८१ वैशाख ९ आइतबारदेखि
६) कक्षा संचालन :- २०८१ वैशाख १० गते सोमबारदेखि
Maiyurma Coaching & Training Center
जनकपुरधाम-८ (बाल्मिकी नगर, पानी फैक्ट्री जानेबाटो), परिक्रमा रोड
Mob.-9804867380, 9807810063, 9844383650, 9861476963

सूचना
डढेलोबाट बचौं र बचाऔं
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्दछन्,
- जन, धन र वनको संरक्षण गरौं,
*सचेत बनौं , डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।*
रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी

# नेकपा एमाले पर्सा जिल्लाको निर्वाचनमा कार्यकर्ताहरू बिच कुटाकुट




जलेश्वरटुडे समाचारदाता
बिरगंज, २१ बैशाख

नेकपा एमाले पर्सा जिल्लाको निर्वाचनमा कार्यकर्ताहरू बिच कुटाकुट भएको छ। एमाले पर्साको अधिवेशनमा जबरजस्ती मतदान गराउन खोजेपछि कार्यकर्ताहरूबिच कुटाकुट भएको जिल्ला सचिवका उम्मेदवार नवराज शर्माले जानकारी दिएका छन्। संस्थापन पक्षले जबरजस्ती मतदान गराउन खोजेपछि कुटाकुट भएको उनको भनाइ छ।

शर्माका अनुसार मतदान स्थलमा कुटाकुट हुँदा वीरगन्ज महानगरपालिका- २० का वडाअध्यक्ष एवं जिल्ला उपसचिवका उम्मेदवार रामकिसोर सिंह (पराग) घाइते भएका छन्। संस्थापन पक्षका मनोज गुप्तासहितको टोलीले इतरपक्षमाथि हमला गरेपछि वडाअध्यक्ष सिंहको नाकमा चोट लागेको छ। घाइते सिंहको वीरगन्जस्थित नेशनल मेडिकल कलेजमा उपचार भइरहेको बताइएको छ।

नेताहरूमाथि पनि हातपातसमेत गरिएको शर्माले बताए। विवाद भएपछि अहिले पुन: निर्वाचन प्रक्रिया रोकिएको एमाले नेता शिव पटेलले बताए। सोमबार एमाले पर्साको ९ औं अधिवेशनको उद्घाटन भएपछि शुक्रबार नेतृत्व चयनमा विवाद बढ्दा कुटाकुट भएको हो।

एमाले पर्साको अध्यक्षमा डा.विश्वम्भर शर्मा सर्वसम्मत चयन भएका छन्। बाँकी पदाधिकारी तथा सदस्यहरूका लागि शुक्रबार मतदान हुने तालिका सार्वजनिक गरेको थियो। तर बिहानैदेखि इतरपक्षले संस्थापन पक्षले निर्वाचनमा धाँधली गरिरहेको आरोप लगाउँदै निर्वाचन समितिको कार्यालयमा तालाबन्दी गरेको हो।

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday